मिति: २०८१।०६।०८ गते
समय: दिउँसो १:०० बजे

बैठक सङ्ख्या : ४

नगर कार्यपालिकाका नगरप्रमुख श्री भूपेन्द्र कुमार लावतीको अध्यक्षता देहायको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बस्यो।

उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री भूपेन्द्र कुमार लावती | नगर प्रमुख/अध्यक्ष | |
| २ | श्री कृष्ण कुमारी निरौला | उपप्रमुख | |
| ३ | श्री बिष्णुकुमार मगर | वडाध्यक्ष वडा नं. १ | |
| ४ | श्री तेजप्रसाद तिम्सिना | वडाध्यक्ष वडा नं. २ | |
| ५ | श्री डम्बरबहादुर राई | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री रामकुमार श्रेष्ठ | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री भुमबहादुर सुर्य मगर | वडाध्यक्ष वडा नं. ५ | |
| ८ | श्री जंगवीर तामाङ | वडाध्यक्ष वडा नं. ६ | |
| ९ | श्री खगेन्द्रबहादुर लिम्बू | वडाध्यक्ष वडा नं. ७ | |
| १० | श्री भिमप्रसाद पोखेल | वडाध्यक्ष वडा नं. ८ | |
| ११ | श्री नन्दप्रसाद खतिवडा | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री अमिता राई | कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १३ | श्री चम्पा थापा मगर | कार्यपालिका सदस्य | |
| १४ | श्री शोभा बोहरा | कार्यपालिका सदस्य | |
| १५ | श्री पुरणमाया राई | कार्यपालिका सदस्य | |
| १६ | श्री गीता मगर | कार्यपालिका सदस्य | |
| ७ | श्री ओमप्रकाश वि.क. | कार्यपालिका सदस्य | |
| ८ | श्री गंगामाया विश्वकर्मा | कार्यपालिका सदस्य | गंगा |
| ९ | श्री माया नेपाली दर्जी | कार्यपालिका सदस्य | माया |
| ० | श्री नारायण न्योपाने | प्रमुख प्रशासकीय अधिकृत | |

न्य उपस्थीति ।

) चेतनाथ गौतम, अधिकृतस्तर सातौं

) भानुभक्त राई इन्जिनियर

) रवि सुवेदी सहायकस्तर चौथो

निर्णय प्रमाणित
[signature]
२०८१।६।९

मिति:२०८१।०६।०८ गतेको कार्यपालिका निर्णय:

| सि नं | विषय | निर्णय |
|---|---|---|
| १ | समीक्षा सम्बन्धमा। | मिति २०८१।०५।२८ गते बसेको कार्यपालिकाको बैठकको निर्णय कार्यान्वनको समीक्षा गरियो।<br>समिक्षामा पाइएका बिषयहरू:<br>कार्यपालिका निर्णयहरू कार्यान्वयन चरणमा रहेको पाइयो। |
| २ | कोशी तथा बक्राहा नदी व्यवस्थापन आयोजनाको पत्र सम्बन्धमा। | कोशी तथा बक्राहा नदी व्यवस्थापन आयोजना मोरङको मिति:२०८१।०६।०७ गतेको च.नं. ९९ भएको पत्रानुसार बक्राहा नदीको विभिन्न स्थानमा तटबन्ध निर्माण कार्यका लागि (ठेक्का नं. PRBFRMP/WORKS/BAKRAHA CW - 05) ८०० घ.मि. ढुङ्गाको आवश्यक भएकोलले उपलब्धताको लागि पत्राचार भएको हुँदा ढुङ्गा गिट्टी वालुवा उत्खन्न, बिक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ को दफा १२ बमोजिम राजश्व लिई ८०० घ.मी. ढुङ्गा उपलब्ध गराउने। |
| ३ | बजेट बिनियोजन सम्बन्धमा। | १.लेटाङ नगरपालिका वडा नं-२ मा जंगली – जनावरहरूको आक्रमणको जोखिम धेरै रहेकोले पैतिसबिघे देखि बेलचौरी पोलबत्ति जडान गर्नका लागि प्राविधिक स्टमेट बमोजिम रू२२१२२०।५३ बिनियोजन गर्ने। (श्रोत: बिद्युत विस्तार कार्यक्रम)<br>२.लेटाङ नगरपालिका वडा नं १ को कात्तिकेमा सेवाकेन्द्र भवन सुचारू गर्नका लागि श्रोतको अभाव भएको भनी वडा कार्यालयबाट माग निवेदन प्राप्त भएकाले रू१५००००/- बजेट बिनियोजन गर्ने। (श्रोत: निर्मित सार्वजनिक सम्पत्तीको मर्मत संभार)<br>३.लेटाङ नगरपालिका वडा नं ३ कृर्तिमान देविथान नहरको पैनी उकास गर्ने कार्यका लागि प्राबिधिक स्टमेट बमोजिम रू९९५८०/- बजेट बिनियोजन गर्ने। (श्रोत: निर्मित पैनीहरूको मर्मत संभार) |
| ४ | सवारी साधन सम्बन्धमा। | १.इलाका प्रहरी कार्यालय मिति:२०८१।०६।०६ गतेको च.नं.२० भएको पत्रानुसार इलाका प्रहरी कार्यालयको सवारी साधन जिर्ण भई दैनिक कामकाजमा समेत बाधा पुगेको भनी माग निवेदन प्राप्त भएकाले उक्त सवारी साधन मर्मतका लागि रू६०००० बजेट बिनियोजन गर्ने। (श्रोत: सवारी साधन मर्मत खर्च) |
| ५ | सिटि सफारी तथा अटोको भाडा दर सम्बन्धमा। | लेटाङ नगरपालिकामा संचालनमा रहेको सिटि सफारी तथा अटोको भाडा दर निर्धारण गर्नका लागि अध्ययन गरी आगामी कार्यपालिकामा पेश गर्नका लागि सामाजिक विकास समितिको संयोगकतामा देहायको समिति गठन गर्ने।<br>संयोजक – रामकुमार श्रेष्ठ<br>सदस्य - चम्पाथापा मगर<br>सदस्य सचिव - शुस्मा कोइराला |
| ६ | बाहिर बाट आउने सामाग्री सम्बन्धमा। | लेटाङमा बाहिरबाट सामाग्री बिक्रि वितरण गर्न आउने दर्ता समेत नभएकाहरूको खाद्य वस्तु तथा सामाग्रीहरूको नियमिति रूपमा अनुगमन तथा आवश्यक निर्णय गरी नियमन गर्न लेखि आएकोमा लेटाङको नाकाहरूमा सुरक्षा निकायबाट आवश्यक कागजात परिक्षण तथा अनुगमन प्रभावकारी रूपमा संचालन गर्ने। |
| ७ | अस्थाई दरबन्दी स्विकृत गर्ने। | आमागी नगरसभाबाट स्विकृत हुने गरी लेटाङ नगरपालिकामा नगर प्रहरीको देहायको अस्थाई दरबन्दी स्विकृत गर्ने। |

[signature]

मिति:२०८१।०६।०८ गतेको कार्यपालिका निर्णयः

<table>
<tr><td></td><td></td><td>देहायः<br>
<table>
<tr><th>क्र.सं.</th><th>पद</th><th>दरवन्दी संख्या</th></tr>
<tr><td>१</td><td>असई</td><td>१</td></tr>
<tr><td>२</td><td>हवलदार</td><td>१</td></tr>
<tr><td>३</td><td>जवान</td><td>७</td></tr>
</table></td></tr>
<tr><td>७</td><td>नगर प्रहरी भर्ना सम्बन्धमा।</td><td>लेटाङ नगरपालिकाको शान्ती सुरक्षा तथा वजार व्यवस्थापन लगायतका कार्यमा थप नगर प्रहरी आवश्यक रहेकाले देहाय वमोजिमको नगर प्रहरी युनिट थप गर्ने।<br>देहायः<br>
<table>
<tr><th>क्र.सं.</th><th>पद</th><th>पदमाग संख्या</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>असई</td><td>१</td><td>सुरक्षा क्षेत्रमा असई वा सो सरह वा सो भन्दा माथिल्लो तहवाट सेवा निरवृत्त कर्मचारी</td></tr>
<tr><td>२</td><td>हवलदार</td><td>१</td><td>सुरक्षा क्षेत्रमा हवलदार वा सो सरह वा सो भन्दा माथिल्लो तहवाट सेवा निरवृत्त कर्मचारी</td></tr>
<tr><td>२</td><td>जवान</td><td>२ जना</td><td>१-खुला, १-महिला</td></tr>
</table>
नोटः सेवा निरवृत्त सुरक्षा निकायको कर्मचारीको हकमा उम्मेदवार वन्न सकिने उमेर हद ४५ बर्ष तोक्ने।</td></tr>
<tr><td>८</td><td>चाडपर्व सम्बन्धमा।</td><td>चाडपर्व लक्षित देउसी, भैलो, हुर्रा तथा नाच, गान तथा व्यापार, व्यवसाय संचालनकाको लागि वेलुकाको १० बजे सम्मको समय सिमा तोक्ने र व्यापक प्रचार प्रसार गर्ने।</td></tr>
<tr><td>९</td><td>चाडपर्वमा दिइने दक्षिणा दान सम्बन्धमा।</td><td>चाडपर्व लक्षित गरि हुने देउसी, भैलो, हुर्रा तथा नाच, गानहरूलाई दिने दान, दक्षिणा यस लेटाङ नगरपालिका भित्र अधिकतम रू ५०५/- तोक्ने र उक्त सूचनाको व्यापक प्रचार प्रसार गर्ने।</td></tr>
<tr><td>१०</td><td>सूचना प्रकाशन गर्ने।</td><td>१.मरिमराउमा तथा अन्य क्षेत्रमा जुवा, तास खेल्ने कुराले समाजमा नकरात्मक असर परेको, विकृती निम्त्याएको हुँदा मरिमराउमा तथा अन्य क्षेत्रमा जुवा तास खेल्ने कुरालाई सामाजिक रूपमा क्रमश निरूत्साहित गर्दै जाने निर्णय सर्वदलिय सर्वपक्षिय छलफलवाट पास भएको हुँदा उक्त कुराको व्यापक प्रचार प्रसार गर्ने।<br>२.अनावश्यक ध्वनी प्रदुषण नगर्ने तथा ध्वनी प्रदुषण न्यूनिकरण र नियन्त्रणका लागि सचेतना फैलाउने गरिको सार्वजनीक सूचना प्रकाशन गर्ने।</td></tr>
<tr><td>१२</td><td>आयोजना बैङ्क सम्बन्धमा।</td><td>लेटाङ नगरपालिकामा एक आयोजना बैङ्क निर्माण गर्न अति आवश्यक भएकाले आयोजना बैङ्क निर्माणको प्रक्रिया अगाडी वढाउने।(श्रोतः सेवा तथा परामर्श )</td></tr>
<tr><td>१३</td><td>जिल्ला समन्व समितिको सुझाव सम्बन्धमा।</td><td>जिल्ला समन्वय समितिको मिति:२०८१।०६।०१ गतेको च.नं.७६ भएको पत्रानुसार स्थानीय तहहरूको बार्षिक समीक्षामा पालिकाबाट कार्यान्वयन गर्ने गरी दिईएका सुझावहरूको कार्यान्वयनको विषयमा छलफल गरियो।</td></tr>
<tr><td>१४</td><td>भुक्तानी सम्बन्धमा</td><td>१. लेटाङ नगरपालिका वडा नं-८ मा अवस्थित ज्यामिरे अधेरी शिखरपुर याङसिला सडक मर्मतका लागि प्राविधिक स्टमेट गराई सोझै खरिद विधिवाट भएको कामको रू९४७०३।२२ को भुक्तानी प्रदान गर्ने।(श्रोतः विपद् व्यवस्थापन कोष)</td></tr>
</table>

मिति:२०८१।०६।०८ गतेको कार्यपालिका निर्णय:

२. लेटाङ नगरपालिका वडा नं-८ मा अवस्थित लालझोडा भालुखोप होक्से सडक मर्मतका लागि प्राविधिक स्टमेट गराई सोझै खरिद बिधिबाट भएको कामको रू९२९९०।८९ को भुक्तानी प्रदान गर्ने।(श्रोत: विपद् व्यवस्थापन कोष)

**१५ विपद् राहात सम्बन्धमा**

लेटाङ नगरपालिकामा आर्थिक बर्ष:२०८१।८२ मा बिभिन्न कारणबाट बिपदमा परी क्षति भएका देंहायका व्यक्तिहरूलाई राहत प्रदान गर्ने।

देहाय:

| क्र.स. | नाम,थर | ठेगाना | राहत रकम | विपद्को विवरण |
|---|---|---|---|---|
| १ | नरबहादुर मगर | लेटाङ-२ | ६००० | हात्तीले बिभिन्न क्षती गरेको |
| २ | होमनाथ तिम्सीना | लेटाङ-२ | ५००० | हात्तीले बिभिन्न क्षती गरेको |
| ३ | मोहनकुमार श्रेष्ठ | लेटाङ-५ | १०००० | आगोलागी भएको |

**१६ प्रोत्साहन सम्बन्धमा।**

यस लेटाङ नगरपालिकाको नगर प्रमुख, नगर उपप्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतले चलाउने सवारी साधन चालकले कार्यालय समय भन्दा बाहिर अधिक मात्रामा सवारीसाधन कुदाउनुपर्ने भएको हुँदा निजहरूलाई अतिरिक्त काम गरेबापत देहायको सवारी चालकलाई मासिक रूपमा नगर प्रहरिलाई दिए सो सरह प्रोत्साहन भत्ता प्रदान गर्ने।(श्रोत: कर्मचारी प्रोत्साहन)

**१७ पशु खोप प्राबिधिक पारिश्रमिक सम्बन्धमा।**

लेटाङ नगरपालिकामा प्राइभेट भ्याक्सिनेटर कृत्रिम इन्सिमेन्टर नियुक्त तथा पशु खोप प्राविधिक पारिश्रमिक आर्थिक विकास समितिको सिफारिसमा देहाय बमोजिमको तोक्ने।

देहाय:

| क्र.सं. | विवरण | दर प्रति गोटा |
|---|---|---|
| १ | बाखाको पि.पि.आर | रू १० |
| २ | लम्फी खोप | रू३० |
| ३ | गाई,भैसी खोरेत, चरचरे, भ्यागुते, रेविज खोप | रू२० |
| ४ | वंगुर स्वाइन फिभर | रू२० |
| ५ | कुखुरा वा पंन्छी रानीखेत तथा अन्य भ्याक्सिन | रू५ |
| ६ | सर्भिलेन्स प्रति हप्ता | रू१००० |
| ७ | कृत्रिम गर्भाधान प्राविधिक पारिश्रमिक | रू६०० |

**१८ भ्याक्सिनेटर नियुक्ति सम्बन्धमा।**

आर्थिक बिकास समितिबाट यस आ.व.२०८१।८२ का लागि छनौट भएका देहायको व्यक्तिहरूलाई भ्याक्सिनेटरको रूपमा नियुक्ति गर्ने।

| क्र.सं. | नाम थर | पद | ठेगाना | दर्ता नं. |
|---|---|---|---|---|
| १ | मनिका मगर | जे.टि. | लेटाङ-१ | ६८३ |
| २ | मनिराज लमिछाने मगर | ग्रा.प.स्वा.का | लेटाङ-२ | ६९० |
| ३ | दिपेन श्रेष्ठ | जे.टि.ए. | लेटाङ-२ | ७२१ |
| ४ | माधन निरौला | जे.टि. | लेटाङ-२ | ७२० |
| ५ | भुपाल सिं राई | ग्रा.प.स्वा.का | लेटाङ-५ | ७६७ |
| ६ | आकक्षां देवान | जे.टि. | लेटाङ-५ | ६८८ |
| ७ | रिजि लिम्बु | जे.टि.ए | लेटाङ-५ | ७८७ |

मिति:२०८१।०६।०८ गतेको कार्यपालिका निर्णय:

| | | |
|---|---|---|
| १९. | प्रोत्साहन सम्बन्धमा। | लेटाङ नगरपालिका वडा नं ३ र ५ को वडा सचिवको भूमिकाको रूपमा श्री अर्जुन पौडेलले (सहायकस्तर चौथो तह) २०८०।०८।०१ गते देखी निरन्तर काम गरिरहेकोले निजलाई प्रोत्साहन स्वरूप एकमुष्ठ रू ६००००/- प्रदान गर्ने। (श्रोत: कर्मचारी प्रोत्साहन) |
| २० | कार्यविधि सम्बन्धमा। | लेटाङ नगरपालिकाबाट मस्यौदा तयार समितिबाट तयार भएको लेटाङ नगरपालिका कर्मचारी करार व्यवस्थापन सम्बन्धी कार्यविधि,२०८१ लाई छलफलका लागि विधायन समितिमा पठाउने। |
| २१ | QR PAYMENT | लेटाङ नगरपालिकाको खातामा रकम जम्मा गर्ने प्रयोजनका लागि विद्युतिय भुक्तानी बिधि संचालन गर्न स्विकृती प्रदान गर्दै राष्ट्रिय बाणिज्य बैङ्क सँग समन्वय गर्ने। |
| २२ | विपद् सम्बन्धमा। | लेटाङ नगरपालिकामा विपद् व्यवस्थापन योजना र विपद् व्यवस्थापन रणनिति आवश्यक रहेकाले उक्त कार्यका लागि प्रक्रिया अगाडी बढाउने। (श्रोत: सेवा तथा परामर्श) |
| २३ | आर्थिक सहयोग सम्बन्धमा। | १.लेटाङ नगरपालिका राष्ट्रिय जनसाँस्कृतिक महासङ्घ, नेपाल जिल्ला समिति, मोरङले साहित्य, साङगीत, ललितकला, नाटक चलचित्र भाषा तथा लोकवार्ता तथा सामाजिक साँस्कृतिक अध्ययन क्षेत्रमा महत्वपूर्ण योगदान पुर्याउनुभएका अग्रज स्रष्टाहरूलाई सम्मानका लागि रू५०००/- आर्थिक सहयोग प्रदान गर्ने। (श्रोत: विभिन्न भाषा संस्कृत तथा पर्व मेला प्रवर्धन विविध खर्च)<br>२. ब्रदरहुड फुटबल क्लब दोश्रो बेलका गोल्डकप फुटबल प्रतियोगिता,२०८१ संचालनका लागि आर्थिक सहयोग माग भई आएकाले रू१००००/- आर्थिक सहयोग प्रदान गर्ने। (श्रोत: कार्यक्रम खर्च)<br>३.सुन्दरहरैचा नगरपालिकामा युवाहरूलाई खेलकुदमा संलग्न गराउनका लागि युथ फुटसल प्रतियोगिता २०८१ आयोजना भएको हुँदा उक्त आयोजनालाई रू१००००/- आर्थिक सहयोग प्रदान गर्ने। (श्रोत: कार्यक्रम खर्च) |